# शीतलहर पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९
## कञ्चनपुर





जिल्ला विपद् व्यवस्थापन समिति,कञ्चनपुर
मिति २०७९/०९/१३ गते स्वीकृत



प्रमुख जिल्ला अधिकारी

# बिषय-सूची


१. पृष्ठभूमी .......... - 2 -

२ उद्देश्यः .......... - 3 -

३. प्रस्तावना .......... - 3 -

*कञ्चनपुर जिल्लाको नक्सा* .......... - 3 -

४. जिल्लामा शीतलहरका घटनाहरु .......... - 4 -

५. कार्य सञ्चालनको सन्दर्भ .......... - 4 -

*५.१ शीतलहरवाट प्रभावित हुन सक्ने क्षेत्रहरुः* .......... - 4 -

५.२ पहुँचः .......... - 4 -

६. क्रियाकलापहरुः .......... - 5 -

७. पूर्वतयारी प्राथमिकताः .......... - 5 -

८. जनशक्ति परिचालनः .......... - 6 -

९. जिल्लामा रहेको राहत सामाग्री एवं बजेटको विवरण .......... - 6 -

१०. निकायगत भूमिका तथा जिम्मेवारी .......... - 7 -

११. प्रतिकार्य योजना .......... - 8 -

१२. विषयगत क्षेत्रका अगुवा तथा सदस्य विवरणः .......... - 9 -

१३. शीतलहरवाट जोखिम न्यूनीकरण गर्ने सूचना मूलक सन्देशहरुः .......... - 10 -


गोपालप्रसाद अर्याल
प्रमुख जिल्ला अधिकारी

# शीतलहर पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९

## १. पृष्ठभूमी

नेपाल निरन्तर दोहोरिरहने बहु–प्रकोपका घटनाहरुबाट उत्पन्न विपद्को उच्च जोखिममा रहेको मुलुक हो । नेपालमा प्रत्येक वर्ष बाढी, पहिरो, चट्याङ्ग, आगलागी, सडक दुर्घटना तथा महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरुले गर्दा जनधनको ठूलो क्षति तथा नोक्सानी हुने गरेको छ । विषम भू-बनावट, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता तथा जलवायु परिवर्तनका कारण भूकम्प, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, चट्याङ, खडेरी, हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिबृष्टि, अनावृष्टि, हुरी बतास, शीतलहर, तातो हावाको लहर, वन डढेलो लगायतका प्राकृतिक प्रकोपहरुले हाम्रो देश प्रभावित छ । त्यसै गरी सडक दुर्घटना, अनिकाल, कीट वा सूक्ष्म जीवाणु आतंक, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, नोवल कोरोना भाइरस जस्ता महामारी, सर्पदंश, जनावर आतंक, खानी, हवाई, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकीरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनास वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना लगायतका गैरप्राकृतिक प्रकोपबाट प्रभावित छ ।

नेपालको तराई क्षेत्रमा जाडोको मौसममा केही चिसोले जनजीवनमा अत्याधिक नकारात्ममक असर पर्दछ । जाडो तथा शीतलहरले प्रत्येक वर्ष हजारौ मानिसहरुलाई प्रभावित गर्दछ । धुलोको कणहरु सहित जाडोको तरंगले हावालाई चिसो पार्दछ । पछिल्लो केही वर्षका अनुभवमा विशेष गरी पुष महिनादेखि मध्य माघ महिनासम्म शीतलहर हुने गरेको पाइन्छ । शीतलहरको अवस्थामा जमिन सतहवाट २०० देखि ४०० मिटर सम्म उचाइमा हुस्सु तथा तुवालोले ढाकिने यसैका कारण विहानमा कम दृष्यता रहने र तापक्रम न्यून रहने गर्दछ । तापक्रम १० देखि १५ डिग्री सेल्सियस सम्म कायम हुदै जादा हाइपोथर्मीयाका कारण मानिसहरुको मृत्यु समेत हुन पुग्दछ ।

जाडोयामको समयमा खास गरी तराईका जिल्लाहरुमा चिसो तथा शितलहरबाट हरेक वर्ष श्वासप्रश्वास, रुघाखोकी, निमोनियाजस्ता स्वास्थ्य सम्बन्धी समस्याबाट धेरै मानिसहरु विरामी पर्ने र केही व्यक्तिको मृत्यु समेत हुने गरेको छ । कोभिड-१९ को संक्रमण चिसोका वेला झनै फैलिने र प्रभावितहरुको सख्या झनै वढ्ने विज्ञहरुको भनाइ छ । पशुपन्छी र अन्नबालीमा समेत प्रतिकूल प्रभाव परी धेरै मात्रामा नोक्सान हुने गरेको छ । यस वर्ष पनि जाडोयामको समय सुरु भइसकेको छ । कञ्चनपुर जिल्लामा विगत वर्षमा जस्तै मौसमको प्रतिकूलता र बातावरणमा आउने परिवर्तनबाट शीतलहरको प्रारम्भिक लक्षण देखा परेका छन् । कोभिड-१९ को संक्रमण जोखिम न्यूनीकरण गर्दै स्वास्थ्य मापदण्डलाइ पूर्ण पालना गराउदै जाडोमा यसको जोखिम वढ्न नदिने र विशेष गरी बालबालिका, जेष्ठनागरिक, सुत्केरी, गर्भवती, विगतमा बाढीवाट प्रभावित भई पुनःस्थापना हुन नसेका परिवारहरुलाई प्रत्यक्ष प्रभाव पर्न सक्ने हुँदा शीतलहरको जोखिमलाई न्यूनीकरण गर्न, आवश्यक श्रोत साधनको पूर्व प्रवन्ध गर्न, सचेतना अभिवृद्धि गर्न, शीतलहर प्रभावित परिवारलाई पुरयाउने उद्धार तथा राहतको कार्यलाई व्यवस्थित र प्रभावकारी वनाउनका लागि यो आकस्मिक कार्य योजना जिल्ला विपद् व्यवस्थापन समितिले निर्माण गरेको छ।

यस कार्ययोजनाको कार्यान्वयनबाट जिल्ला स्थित विभिन्न सरोकारवाला निकायहरु, स्थानीय तह, जिल्ला स्वास्थ्य कार्यालय, डिभिजन वन कार्यालय, नेपाल रेडक्रस सोसाइटी, मानवीय सहयोगी संघ संस्थाहरु तथा अन्य विभिन्न सरकारी एवं गैर सरकारी संघ संस्थाहरु समेतको सहभागिता एवं समन्वयात्मक प्रयासबाट शीतलहरको समयमा प्रभावित परिवार एवं व्यक्तिहरुलाई आवश्यक सहयोग पुग्ने छ ।

गोपाल प्रसाद अर्याल
प्रमुख जिल्ला अधिकारी

## २ उद्देश्य:

शीतलहरको प्रकोपबाट उत्पन्न हुन सक्ने विपद् जोखिमलाई न्यूनीकरण गर्दै विपद् को अवस्थामा प्रभावितहरुको जीउ, धनको सुरक्षा तथा मानवीय सहयोगका लागि आवश्यक पर्ने प्रतिकार्यका लागि पूर्वतयारी तथा योजना कार्यान्वयन गर्नु यस कार्ययोजनाको प्रमुख उद्देश्य हो।

क. शितलहरबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गरी सिमित श्रोत र साधनको अधिकतम उपयोग गरी जिल्ला विपद् व्यवस्थापन समितिवाट गरिने प्रतिकार्य शीघ्र, उपयुक्त एवं प्रभावकारी बनाउने,

ख. विपद्को समयमा प्रभावकारी ढङ्गले प्रतिकार्यमा सहभागी हुने पद्धति, संरचनाहरु बनाउने तथा उपयुक्त तयारी गर्ने,

ग. श्रोत तथा क्षमताको अपर्याप्तताको अवस्थामा समेत जिल्ला विपद व्यवस्थापन समिति ,स्थानीय तह सवै मिली विपद् प्रतिकार्यमा संलग्न हुन समन्वय गर्ने,


घ. आपतकालीन प्रतिकार्यका लागि जिल्ला विपद् व्यवस्थापन समिति ,स्थानीय तहमा गठित स्थानीय विपद व्यवस्थापन समिति लगायत सबै तहका संरचनाहरु को परिचालन एवं समन्वय सुनिश्चित गर्नका लागि प्रकृयाहरु स्थापित गर्ने,

ङ. चिसोका बखत कोभिड-१९ को सक्रमण रोक्न स्वास्थ्य मापदण्डलाई अधिकतमरुपमा पालना गराउने,

## ३. प्रस्तावना

यस कार्ययोजनाले जिल्ला विपद् व्यवस्थापन समिति कञ्चनपुर र स्थानीय तहले विपद्को समयमा निर्वाह गर्नुपर्ने कार्यहरुको व्यावहारिक चित्र प्रदान गर्ने प्रयास गरेको छ। यो योजना शितलहरको समयमा प्रयोग गरिने कुरालाई मध्यनजर गरी तयार गरिएको छ। यस योजनामा प्रतिकार्य योजना पूरा गर्नका लागि अपनाइने चरणहरुको विस्तृत रुपमा व्याख्या गरिएको छ।

### कञ्चनपुर जिल्लाको नक्सा






प्रमुख जिल्ला अधिकारी

## ४. जिल्लामा शितलहरका घटनाहरु

तराईका जिल्लाहरूमा हिउँदको महिना खासगरी मंसिरदेखि माघसम्म बाक्लो हुस्सु लाग्ने र अत्यधिक चिसो हुने गर्दछ। बालबालिका र बृद्धबृद्धा, विपन्न परिवारहरु शीतलहरको उच्च जोखिममा रहेका हुन्छन्। कञ्चनपुर जिल्लामा विगत लामो समयदेखि जाडो याममा जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी तथा अन्य गैरसरकारी संस्थाहरुले वढी प्रभावित क्षेत्र तथा चोक चोकमा आगो बाल्नका लागि दाउरा सहयोग गर्दै आएको छ। जिल्लामा विगत वर्षहरुदेखि जोखिममा रहेका व्यक्तिहरुलाई न्यानो कपडा तथा कम्मल दिने गरेको छ।

५. कार्य सञ्चालनको सन्दर्भ

### *५.१ शितलहरवाट प्रभावित हुन सक्ने क्षेत्रहरु:*

भीमदत्त नगरपालिका, वेदकोट नगरपालिका, शुक्लाफाँटा नगरपालिका, कृष्णपुर नगरपालिका, पुनर्वास नगरपालिका, दोधाराचाँदनी नगरपालिका, बेलौरी नगरपालिका, बेलडाँडी गाउँपालिका तथा लालझाडी गाउँपालिका क्रमस बढी प्रभावित देखि न्यून प्रभावित क्षेत्र अनुसार राखिएको छ। प्रस्तुत तथ्याङ्क विशेष गरी बालबालिका, जेष्ठ नागरीक, सुत्केरी, गर्भवती , तथा विगत वर्षहरु देखि वाढीवाट पुर्ण प्रभावित परिवार, आव २०७८/०७९ मा विपदका कारण प्रभावित भई घरवार बिहिनको तथ्याङ्कको आधारमा रहेको छ।

| सिनं | प्रभावित हुन सक्ने | |
|---|---|---|
| | स्थान | अनुमानित परिवार संख्खा |
| १. | भीमदत्त नगरपालिका | ७३१२ |
| २. | बेदकोट नगरपालिका | ४१५ |
| ३. | शुक्लाफाँटा नगरपालिका | ५७५ |
| ४. | कृष्णपुर नगरपालिका | ८२५ |
| ५. | बेलडाँडी गाउँपालिका | १८७६ |
| ६. | पुनर्वास नगरपालिका | ८७६ |
| ७. | दोधाराचाँदनी नगरपालिका | ६५० |
| ८. | बेलौरी नगरपालिका | ३०२४ |
| ९. | लालझाडी गाउँपालिका | ३१५ |

### ५.२ पहुँच:

कञ्चनपुर जिल्लामा बिगतका दिनका अनुभवहरुलाई केलाउँदा शितलहरको समयमा एक ठाउँदेखि अर्को ठाँउसम्म जाँदा निकै कठीन हुने गरेको पाइएको छ।

क. शितलहरको समयमा जिल्लाका सवै जसो स्थानहरुमा बाक्लो हुस्सु लाग्ने, भिजिविलिको कमी भई सडक दुर्घटना हुने हुँदा यातायातको साधान प्रयोग गर्दा जोखिम महसुस हुने गरेको छ।

ख. कोभिड-१९को कारण चिसोमा लक्षण सहितका विरामीहरुको सख्या वढ्ने सम्भावना छ।

ग. अत्याधिक चिसोको कारण घर देखि वाहिर निस्कन नसक्ने अवस्था देखिने गरेको छ ।

गोपालप्रसाद अर्याल
प्रमुख जिल्ला अधिकारी

## ६. क्रियाकलापहरु:

यस कार्ययोजनाको उद्देश्य हासिल गर्नका लागि देहाय बमोजिमका क्रियाकलापहरु गरिने छन्:

क. जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा उल्लेख भए वमोजिमका क्षेत्रगत विषयमा सम्वन्धित सबैले कार्ययोजना तयार पारी शितलहरको पूर्वतयारी तथा प्रतिकार्यमा तयार रहने।

ख. शितलहर प्रभावितहरूलाई विना भेदभाव राहत उपलब्ध गराउने र सो क्रममा विशेषगरी बालबालिका, जेष्ठनागरिक, अपाङ्गता, सुत्केरी तथा गर्भवती महिलालाई प्राथमिकता दिने।

ग. कोभिड-१९ को सक्रमण जाडोमा वढ्न जाने सम्भावना रहकोले त्यसको नियन्त्रणमा जोड दिने।

घ. शितलहरको प्रभावबाट सुरक्षित राख्ने उपायहरुको सम्वन्धमा स्थानीय विपद् व्यवस्थापन सम्वन्धी कार्य गर्ने सवै सरकारी तथा गैरसरकारी संघ सस्थाहरु समेतलाई जोखिम न्यूनिकारण गर्नको लागी अनुरोध गर्ने।

ङ. कोभिड-१९ बाट सक्रमित तथा जोखिममा रहेका व्यक्तिहरुको स्वास्थ्य अवस्थामा सुधारल्याउन विशेष प्रवन्ध गर्ने

च. विपद्को समयमा नेपाल सरकार,प्रदेश सरकार, स्थानीय तह,दातृ निकाय, सबै क्षेत्र, सहयोगी संस्था तथा नागरिक समाजविच समन्वय कायम गर्ने।

छ. नियमित रूपमा अनुगमन गरी सबै विषयगत क्षेत्रहरूलाई परिचालन गर्ने र पृष्ठपोषण दिने।

ज. शितलहरबाट वढी प्रभावित हुन सक्ने क्षेत्र,गाउँ,टोल, परिवारहरुको पहिचान गरी राहत तथा उद्धारको लागि अगुवा सहयोगी संस्था DLSA को समन्वयमा सवै सरोकारवाला निकायहरुलाई दाउरा,कम्बल, न्यानो कपडा जस्ता सामाग्रीहरुको पूर्व प्रवन्ध गरी तयारी अवस्थामा राख्ने र राख्न लगाउने।

झ. जल तथा मौसम विज्ञान विभागले जारी गर्ने ३ दिने वुलेटिन अनुसार पुर्वतयारीका गतिविधि सन्चालनमा जोड दिने

ञ. जाडोयाममा हुन सक्ने स्वास्थ्य सम्वन्धि समस्यालाई न्यूनिकरण गर्न जनचेतनामूलक कार्यक्रम संचालन गर्ने र स्वास्थ्यकर्मी तथा औषधीहरु तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने।

ट. शितलहरबाट सुरक्षित रहनका लागि सचेतनात्मक सन्देशमूलक सूचना एवम् जानकारी स्थानीय संचार माध्यम मार्फत स्थानीय भाषामा समेत प्रशारण गर्न स्थानीय संचार माध्यम तथा स्थानीय गैरसरकारी निकायवाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने।

ठ. शितलहरका समयमा हुस्सुका कारण भिजिविलिटीमा कम हुन गई सवारी साधन दुर्घटना हुन सक्ने हुँदा स्थानीय ट्राफिक प्रहरीको सकृयतामा सवारी साधनको गति सिमितताको अनुगमनको कार्य गर्ने।

ड. शितलहर तथा जाडोयाममा समयमै पुर्वसुचना समुदायस्तरमा पुर्याउन जल तथा मौसम विज्ञान विभागको बुलेटिन अनुसारको सुचना सम्प्रेशन गरि पुर्वानुमानका आधारमा गतिविधि सन्चालन गर्ने।

## ७. पूर्वतयारी प्राथमिकता:

क. बिपद्संग सम्बन्धित सरोकारवाला निकायहरुसंग समन्वय बैठक गर्ने।

ख. सबै स्थानीय तहका विपद व्यवस्थापन समितिहरुले जनचेतनामुलक कार्य गर्ने।

ग. सबै स्थानीय तहका विपद् व्यवस्थापन समितिहरुलाई शीतलहर पूर्वतयारीका लागि रणनितिक योजना तयार गर्न अनुरोध गर्ने

घ. स्थानीय तहका संकटासन्न क्षेत्रको नक्साँकन गर्न सम्बन्धित स्थानीय तहहरुलाई अनुरोध गर्ने।

ङ. विषयगत समितिहरुको नियमित बैठक गर्ने र आवश्यकताको आधारमा खाडल पहिचान गरि सोको परिपुर्तिकोलागि तत्कालै कार्यान्वयन गर्ने ।

च. जिल्लामा थप न्यानो कपडा सेट व्यवस्थापनका लागि सरोकारवाला निकायमा पहल गर्ने।

प्रमुख जिल्ला अधिकारी

छ. सवै स्थानीय तह तथा सरोकारवाला निकाय संग समन्वय गरी आवश्यक पर्ने दाउरा जोहो गरी राख्ने रन्यानो रहनका लागि टोल टोलमा दाउरा बाल्ने स्थानको निर्क्योल गरि कोभिड-१९को जोखिमलाइ कम गर्ने गरि स्वास्थ्य मापदण्ड अनुसार आगो ताप्ने ब्यवस्था मिलाउने ।

ज. स्थानीय एफ.एम.हरु र वडा स्थरमा माइकिङ् मार्फतजनचेतनामुलक सामाग्रीहरु प्रकाशन/प्रसारण गर्ने ।

झ. जल तथा मौसम विज्ञान विभागले जारी गर्ने ३ दिने वुलेटिन अनुसार पुर्वतयारी गर्ने ।

## ८. जनशक्ति परिचालन:

यस कार्ययोजनाको उद्देश्य हासिल गर्न एवं उल्लेखित क्रियाकलापहरु संचालन गर्न देहाय बमोजिमको सम्भावित जनशक्ति परिचालन गरिएको छ:

| क्र.स. | निकाय | स्वय सेवक | स्वास्थ्यकर्मी | कैफियत |
|---|---|---|---|---|
| १ | जिल्ला प्रहरी कार्यालय | | - | |
| २ | सशस्त्र प्रहरी वल नेपाल | ३५ | ३ | |
| ३ | नेपाली सेना | ३२ | - | |
| ४ | भीमदत्त नगरपालिका | ८ | ४ | |
| ५ | बेदकोट नगरपालिका | - | - | |
| ६ | शुक्लाफाँटा नगरपालिका | १७ | ८ | |
| ७ | कृष्णपुर नगरपालिका | १० | ५ | |
| ८ | बेलडाँडी गाउँपालिका | - | - | |
| ९ | पुनर्वास नगरपालिका | - | - | |
| १० | दोधाराचाँदनी नगरपालिका | १२ | ६ | |
| ११ | बेलौरी नगरपालिका | २८ | | |
| १२ | लालझाडी गाउँपालिका | ८ | ९ | |
| १३ | एन एन एस डब्लु ए कञ्चनपुर | ८ | २० | |
| १४ | नेपाल रेडक्रस सोसाइटी शाखा /उपशाखा | १५ | - | |
| जम्मा | | ९८ | ३२ | |

## ९. जिल्लामा रहेको राहत सामाग्री एवं बजेटको विवरण

| क्र.स. | निकाय | कम्मल थान | न्यानो कपडा/सिरानी | म्याट/त्रिपाल (थान) | बाल्टी/जग | आपतकालिन कोष |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | २०० | - | - | - | ३११८८४५।६१ |
| २ | भीमदत्त नगरपालिका | १० | १० | १० | १० | १०७३४४४ |
| ३ | बेदकोट नगरपालिका | - | - | - | - | १७४७६२७ |
| ४ | शुक्लाफाँटा नगरपालिका | - | - | - | - | २०००००० |
| ५ | कृष्णपुर नगरपालिका | - | - | - | - | ३६०२००० |
| ६ | बेलडाँडी गाउँपालिका | - | - | - | - | ५००००० |
| ७ | पुनर्वास नगरपालिका | - | - | - | - | ३१४५६०० |
| ८ | दोधाराचाँदनी नगरपालिका | | २५ | ४५ र ७ बण्डल | २० | २५००००० |
| ९ | बेलौरी नगरपालिका | २५ | | ६० र ४ बण्डल | | २५००००० |



गोपालप्रसाद .....
प्रमुख जिल्ला अधिकारी

| क्र.स. | निकाय | कम्मल थान | न्यानो कपडा/सिरानी | म्याट/त्रिपाल (थान) | बाल्टी/जग | आपतकालिन कोष |
|---|---|---|---|---|---|---|
| १० | लालझाडी गाउँपालिका | - | - | - | - | २०००००० |
| ११ | NNSWA | - | health kit -१०० बलान्केट-५० Emergency responce kit-७५ | ५० | ५० | अवश्यताअनुसार समन्वय गरेर सहयेग गन् सकिनेछ |
| १२ | नेपाल रेडक्रस सोसाइटी शाखा | ३०० | ६०० | ५० | १०० | - |
| १३ | निड्स नेपाल | २५ | २०० | १०० | २०० | - |

## १०. निकायगत भूमिका तथा जिम्मेवारी

| क्रसं | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | विपद प्रतिकार्य सम्बन्धि समग्र क्रियाकलापको समन्वय एवं नेतृत्व गर्ने, |
| २ | जिल्ला समन्वय समिति | प्रमुख /जिल्ला समन्वय अधिकारी | समन्वयात्मक कार्यमा सहयोग गर्ने । स्रोत (आर्थिक, भौतिक, मानविय श्रोत ) जुटाउन समन्वय गर्ने, |
| ३ | स्थानीय तहहरु | प्रमुख/ अध्यक्ष | आ -आफ्नो स्थानीय तहको नेतृत्वदायी भूमिका निर्वाह गर्ने। विषयगत क्षेत्रसंग समन्वय गर्ने, श्रोत साधन व्यवस्था गर्ने, तथ्यांक संकलन तथा व्यवस्थापन, |
| ४ | सुरक्षा निकायहरु | प्रमुख तथा प्रतिनिधि | सुरक्षा व्यवस्था गर्ने । प्रतिकार्य गर्ने । विषयगत समितिमा रही सहयोग गर्ने, |
| ५ | राजनैतिक दलहरू | दलका प्रमुखहरू | समन्वय । स्रोत संकलनमा सहयोग गर्ने । जनपरिचालन गर्ने, |
| ६ | जिल्ला आपतकालिन कार्य संञ्चालन केन्द्र | फोकल पर्सन | सूचना संकलन, समन्वय, संप्रेशण, तथ्यांक ब्यवस्थापन, |
| ७ | जिल्ला अगुवा सहयोगी निकाय (DLSA) | स्रोत केन्द्र प्रमुख | श्रोत उपलब्धताका लागि राष्ट्रिय/अन्तराष्ट्रिय गैरसरकारी संघ/संस्था तथा सरोकारवालासंग समन्वय गर्ने, |
| ८ | नेपाल रेडक्रस सोसाइटी | सभापति | राहत खाद्यसामाग्री तथा अस्थाई आवास ब्यवस्थापन आपत्कालीन आवास तथा बन्दोबस्ती (Logistic) व्यवस्थापनमा सहयोग गर्ने, |
| ९ | विषयगत सरकारी कार्यालय | कार्यालय प्रमुखहरु | विषयगत समितिमा रहि क्षेत्रगत अगुवा भूमिका निर्वाह गर्ने। आ-आफ्नो क्षेत्रको आपत्कालिन योजना निर्माण गरी कार्यान्वयन गर्ने, |

| क्रसं | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १० | उद्योग वाणिज्य संघ/व्यापार संघ | अध्यक्ष | न्यानो कपडा तथा कम्मल सामग्री संकलन वितरण र व्यवस्थापनमा सघाउने, |
| ११ | यातायात व्यवसायी संघ तथाप्रा.लि.हरु | अध्यक्ष | राहात तथा उद्धार कार्यका लागि यातायातका साधनहरु र जन शक्ति उपलब्ध गराउने, |
| १२ | संचार माध्यमहरु | नेपाल पत्रकार महासंघ, सञ्चारकर्मीहरु | सही सूचना संकलन तथा सम्प्रेषण सचेतनामूलक सुचना तथा समाचार सम्प्रेषण गर्ने, |
| १३ | नागरिक समाज | संयोजक | राहत कार्यमा सहयोग तथा समन्वय, |
| १४ | पेशागत व्यवसायी समतिहरु | अध्यक्ष | राहत, उद्धार तथा संरक्षण कार्यमा सहयोग, |
| १५ | गै.स.स.महासंघ/ राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स. | प्रमुख/प्रतिनिधिहरु | मानवस्रोत परिचालन गर्ने ।स्रोत संकलनमा सहयोग गर्ने । गै.स.स. वीच समन्वय । क्षमता विकास तथा सहजिकरण कार्य गर्ने । राहत सामाग्रीहरु संकलनमा सहयोग गर्ने, |

## ११. प्रतिकार्य योजना

| सि.नं. | क्रियाकलाप | कसले गर्ने | कार्य क्षेत्र/स्थान |
|---|---|---|---|
| १ | न्यानो कपडा तथा पोषिलो खाद्यबस्तु व्यवस्थापन | स्थानीय तहहरु, उद्योग वाणिज्य संघ मार्फत न्यानो कपडाव्यवस्थापन,कम्मल लगायत अन्य न्यानो कपडाहरु नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा तथा उपशाखाहरु मार्फत | क्षेत्र अनुसार जिल्लाको विभिन्न स्थानहरुमा |
| २ | दाउरा व्यवस्थापन | स्थानीय तहहरु , डिभिजन वन कार्यालय तथा सामुदायिक वन महासंघ, मध्यवर्ती वन व्यवस्थापन समिति, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज | चोक तथा घना बस्तीको पायक पर्ने स्थान |
| ३ | राहत वितरण | जिल्ला प्रशासन कार्यालय,स्थानीय विपद जोखिम व्यवस्थापन समिति, सुरक्षा निकाय,नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा/उपशाखाहरुर उद्योग वाणिज्य संघहरु | शितलहर प्रभावित क्षेत्रमा |
| ४ | एम्वुलेन्स सेवा | एम्बुलेन्स संचालक संघसंस्थाहरु तथा समितिहरु | जिल्लाभर |
| ५ | स्वास्थ्य शिविर | माहाकाली अस्पताल, स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थाहरु र अन्य स्वास्थ्य सेवा प्रदायक संघसस्था | प्रभावित क्षेत्रमा |
| ६ | विपद सम्बन्धी सूचना तथा जनचेतना | जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, स्वास्थ्य कार्यालय, पत्रकार महासंघ, स्थानीय संचार माध्यमहरु, | जिल्लाभर |



गोपालप्रसाद अर्याल
प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| ७ | सूचना व्यवस्थापन | जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र | जिल्लाभर |

## १२. विषयगत क्षेत्रका अगुवा तथा सदस्यहरु विवरण:

| बिषयगत क्षेत्रहरु | अगुवा संस्था | सदस्यहरु | |
|---|---|---|---|
| १) समन्वय तथा सूचना व्यवस्थापन | जिल्ला प्रशासन कार्यालय | जिल्ला समन्वय समिति, नेपाली सेना, नेपाल प्रहरी,सशस्त्र प्रहरी वल नेपाल, नेपाल रेडक्रस सोसाइटी | DEOC, नेपाल टेलिकम स्थानीय एफ.एम., पत्रपत्रिका, नेपाल पत्रकार महासंघ, राष्ट्रिय अनुसन्धान। |
| २) खोज तथा उद्धार | जिल्ला प्रशासन कार्यालय, | नेपाली सेना, सशस्त्र प्रहरी वल नेपाल, नेपाल प्रहरी, गाउँपालिकाहरु, नगरपालिकाहरु, नेपाल रेडक्रस सोसाइटी | DEOC, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालय, कञ्चनपुर। |
| ३) गैर खाद्य सामग्री र शिविर ब्यवस्थापन | शहरी विकास तथा भवन निमार्ण विभाग, संघीय आयोजना कार्यान्वयन इकाइ,धनगढी र नेपाल रेडक्रस, कञ्चनपुर शाखा | सामुदायिक वन उपभोक्ता महासघ, सुरक्षा निकाय, नेपाल, वन डिभिजन कार्यालय। | DEOC, स्थानीय विपद् ब्यवस्थापन समिति (प्राविधिक शाखा, शिक्षा शाखा), उद्योग व्यापार संघ, गैसस महासंघ, निड्स, एन.एन.एस.डब्लु.ए.। |
| ४) खाद्य तथा गोदाम ब्यवस्थापन | एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय | स्थानीय विपद् ब्यवस्थापन समिति, स्थानीय तहका कृषि शाखाहरु, नेपाल प्रहरी, जिल्ला समन्वय समिति | नेपाल खाद्य संस्थान कञ्चनपुर, गैसस महासंघ, जिल्ला खाद्य अधिकार संजाल, उद्योग वाणिज्य संघ, |
| ५) खानेपानी तथा सरसफाई | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय कञ्चनपुर। | नेपाल रेडक्रस सोसाइटी, | एन.एन.एस.डब्लु.ए. कंचनपुर |
| ६) संरक्षण | जिल्ला प्रशासन कार्यालय | जिल्ला वालकल्याण समिती नेपाल प्रहरी, जि.स.स. नेपाल रेडक्रस सोसाइटी, | माइति नेपाल। |



गोपालप्रसाद अधिकारी
प्रमुख जिल्ला अधिकारी

| बिषयगत क्षेत्रहरु | अगुवा संस्था | सदस्यहरु | |
|---|---|---|---|
| ७) स्वास्थ्य तथा पोषण | स्वास्थ्य कार्यालय | जिल्ला समन्वय समिति, प्रादेशिक अस्पताल, आयुर्बेद अस्पताल, कञ्चनपुर, स्थानीय विपद् ब्यवस्थापन समिति (स्वास्थ्य शाखा ), नेपाल रेडक्रस सोसाइटी, | सरकारी स्वास्थ्य सेवा प्रदायक निकायहरु, सामुदायिक स्वास्थ्य केन्द्रहरु, औषधि व्यवसायी संघ। एन.एन.एस.डब्लु.ए. |
| ८) आपत्कालीन शिक्षा | शिक्षा विकास तथा समन्वय इकाइ | जिल्ला समन्वय समिति, सम्वन्धित स्थानीय तहमा रहेका शिक्षा बिकास शाखाहरु | |
| ९) पुनःस्थापना तथा पुर्ननिर्माण | शहरी विकास तथा भवन निमार्ण विभाग, संघीय आयोजना कार्यान्वियन इकाइ, कैलाली। | डिभिजन वन कार्यालय, खानेपानी तथा ढल व्य.आयोजना नेपाल विद्युत प्राधिकरण, स्थानीय विपद् ब्यवस्थापन समिति (प्राविधिक शाखा ) | सा.वन उपभोक्ता समितिहरु, नेपाल टेलिकम, जिल्लामा कार्यरत अन्तराष्ट्रिय गैससहरु, नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा कार्यालय। एन.एन.एस.डब्लु.ए. |

**१३. शितलहरवाट जोखिम न्यूनीकरण गर्ने सुचनामूलक सन्देशहरु:**

१. जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौ,

२. शितलहरको समयमा घर बाहिर खुल्ला स्थानमा धैरै समय नविताऔ,

३. रातको समयमा न्यानो सिरक, कम्मल जस्ता ओड्ने प्रयोग गर्ने र सुत्दा शरीरको सबै भाग र विशेष गरी अनिवार्यरुपमा छाती तथा टाउको ढाक्ने प्रवन्ध मिलाउने,

४. शितलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोवाट जोगाउने,

५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्तमात्रामा तातो खाने झोलिलो खानेकुराहरु खाने,

६. चिसो मौसममा कोभिड-१९ को सक्रमण वढी हुने हुदा स्वास्थ्य मापदण्डलाई अपनाउने,

७. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,

८. शितलहर चलेको बेलामा घरेलु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने गोठ अथवा टहरामै राखेर प्रर्याप्त घाँस, पराल र दाना दिने,

९. चिसोको कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने,

१०. चिसोका कारण पुशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने,

११. कोठा भित्र आगो वाली तातो पार्दा प्रयाप्त भेण्टिलेशनको व्यवस्था मिलाउने,

गोपालप्रसाद अर्याल
प्रमुख जिल्ला अधिकारी